आज मिति २०७६ साल चैत्र महिना २९ गते शनिबारका दिन यस जनकपुरधाम उपमहानगरपालिकाको नगर प्रमुख श्री लाल किशोर साह ज्यूको अध्यक्षतामा विपद् व्यवस्थापन समितिको बैठकमा देहायका महानुभावहरुको उपस्थितिमा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति :

| क्र.स. | नाम | कार्यालय | पद | सही |
|---|---|---|---|---|
| १ | श्री लाल किशोर साह | जनकपुरधाम उपमहानगरपालिका | प्रमूख | |
| २ | श्री रिता कुमारी मिश्र | जनकपुरधाम उपमहानगरपालिका | उपप्रमूख | |
| ३ | श्री गोपाल प्रसाद रेग्मी | जनकपुरधाम उपमहानगरपालिका | प्र.प्रशासकीय अधिकृत | |
| ४ | श्री गणेश चन्द्र मिश्र | जिल्ला प्रशासन कार्यालय, धनुषा | प्रशासकीय अधिकृत | |
| ५ | अशोक कुमार झा | जि.प्र.का., धनषा | प्र.नि. | |
| ६ | अंशु कुमार सिंह | २ नं. प्रदेश प्रहरी कार्यालय | प्र.ना.नि. उ. | |
| ७ | मनोज साह | नेपाली कांग्रेस | अध्यक्ष | |
| ८ | विनोद कुमार साह | ने.क.पा. | अध्यक्ष | |
| ९ | रामचन्द्र पजियार | रा.ज.पा. | नगर अध्यक्ष | |
| १० | विष्णुदेव साह | समाजवादी पाटी | नगर अध्यक्ष | |
| ११ | धिरेन्द्र बहादुर सिंह | गै.स.स.महासंग | प्र.अध्यक्ष | |
| १२ | ललित साह | उद्ययोग बाणिजय संघ, जनकपुर | अध्यक्ष | |
| १३ | विरेन्द्र यादव | जनकपुरधाम उपमहानगरपालिका | योजना शाखा | |
| १४ | उमेश राय | जनकपुरधाम उपमहानगरपालिका | स्वास्थ्य शाखा | |
| १५ | अंजु पाण्डेय | जनकपुरधाम उपमहानगरपालिका | शिक्षा शाखा | |
| १६ | गणेश यादव | जनकपुरधाम उपमहानगरपालिका | जिन्सी शाखा | |
| १७ | परमेश झा | जनकपुरधाम उपमहानगरपालिका | कर शाखा | |
| १८ | गुरुदेव साह | जनकपुरधाम उपमहानगरपालिका | प्रशासन शाखा | |

**निर्णयहरु :**

(१) कोरोना भाईरस (कोभिड-१९) को महामारीबाट वचावको लागी देशव्यापी रुपमा भईरहेको लक डाउन आज १९ दिन भईसकेको तथा अझ बढन सक्ने सम्भावना रहेकोले नगर क्षेत्र भित्रका असहाय तथा दैनिक ज्याला मजदुरीबाट आफ्नो जीवन निर्वाह गर्ने व्यक्तिहरुलाई सरल र सहज तरिकाले खाधान्य सामाग्री/भोजन चरणवद्ध तरिकाले वितरण गर्ने निर्णय गरियो ।

(२) राहत वितरणका लागी वडाहरुबाट संकालित भई रहेको राहत पाउने व्यक्तिहरुको संख्याको तुल्नामा हेर्दा राहत वितरणका लागी प्रदेश सरकारबाट प्राप्त रकम तथा उपमहानगरपालिकाको स्रोत समेतले नपुग्ने भएकोले थप रकम निकासको लागी मिति २०७६।१२।२४ गते बसेको सर्वदलिय राजनितिदलहरुको बैठकबाट निर्णय समेत भएकोमा थप रकम निकाशाको लागी प्रदेश सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

(३) हालको विषम परिस्थितिमा जनताको स्वास्थ्य र दैनिक जीवन निर्वाहलाई मध्यनजर गरेर राहत सामग्री तथा स्वास्थ्य सम्वन्धी उपकरणहरु खरिद गर्न सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको विशेष व्यवस्थालाई आधार मानेर छिटो र छरितो प्रक्रियाबाट खरिद गर्ने निर्णय गरियो ।

(४) राहत सामाग्री प्रति परिवार तपसिल बमोजिमको मापदण्डमा वितरण गर्ने

- चामल -१५ किल्लो
- दाल -१ $\frac{१}{२}$ किल्लो
- पिठो -३ किल्लो
- तेल -१ लिटर
- नुन -१ किल्लो
- आलु -३ किल्लो

(५) कोरोना भाईरसको माहामारी नियन्त्रण र राहत वितरण गर्ने कार्यमा प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाको विपद् व्यवस्थापन कोषबाट विनियोजित रकम नपुग भएमा न.पा.को जुनसुकै शिर्षकबाट रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

(६) जनकपुरधाम उपमहानगरपालिका वडा नं.७ भ्रमरपुरा चौक स्थित स्वास्तीका हेल्थकेयर सेन्टरलाई क्वारेन्टाईनको रुपमा संचालन गर्ने निर्णय गरियो ।